# ३ कोठे शौचालय निर्माणमा ५९५ बोरा सिमेन्ट

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ८ बैशाख

गल्याङ नगरपालिका ६ पिडिखोला स्थित् नरोदय माविमा निर्माण गरिएको ३ कोठे शौचालयमा ५ सय ९५ बोरा सिमेन्ट प्रयोग भएको देखिएको छ। शिक्षक अभिभावक संघले विद्यालयको सामाजिक लेखापरिक्षक गर्नेक्रममा शौचालय निर्माण गर्दा ५ सय ९५ बोरा सिमेन्ट लागेको देखिएको हो।

एउटै बिलमा ५ सय ९५ बोरा सिमेन्ट खरिद गरेको देखिएपछि शौचालय निर्माणमा अनियमितता भएको आशंक विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघले गरेको छ। विद्यालयलाई शौचालय बनाउन पुर्ननिर्माण प्राधिकरणले १४ लाख भन्दा बढी रकम दिएको थियो। सो रकमबाट पनि शौचालय निर्माणमा रकम अपुग भएपछि ५ लाख विद्यालयले थप गरी १९ लाख लागेको लेखापरिक्षण गर्दा देखिएको शिक्षक अभिभावक संघका अध्यक्ष मेघनाथ बस्यालले जानकारी दिए। आर्थिक बर्ष २०७७/२०७८ को सामाजिक लेखापरिक्षण गर्दा विद्यालयमा धेरै नै अनियमितता भएको शंका लाग्यो बस्यालले भने,'विद्यालयको हिसाबकिताव हेर्न थालेपछि विद्यालयका प्रअ बेखबर हुनुभयो।' ३ महिनादेखी प्रअ विद्यालय नआउदा अन्य हिसावकिताव पनि हेर्न पाईएन उनले भने। एउटै शौचालयमा त्यतीधेरै सिमेन्ट लागेको हिसाब देखिएपछि हामीलाई विद्यालयमा आर्थिक अनियमितता भएको छ भन्ने लागेको बताए। म शिक्षक अभिभावक संघको अध्यक्ष नहुदै शौचालयमा घोटला भयो भन्ने हल्ला सुनेको थिए उनले भने,' अहिले सामाजिक लेखा परिक्षण गर्दा त्यस्ता भेटियो।' अब प्रअ आएपछि यस बिषयमा अझै गहिरिएर छानविन गर्नुपर्छ उनले भने।

शौचालय निर्माणमा ५ सय ९५ बोरा सिमेन्ट खर्च भएको भन्ने हल्लाले अहिले स्थानीयहरु पनि दङ्ग परेको बताइएको छ। ३ महिना बेखबर रहेका भनिएका विद्यालयका प्रअ प्रेम शर्मा पौडेल भने शुक्रवार मात्रै विद्यालय पुगेका छन्। उनले आफुले विद्यालय व्यवस्थापन समिति र गल्याङ् नगर शिक्षा शाखालाई जानकारी गराएर बिदामा बसेको बताए। शौचालयमा कसरी त्यतीधेरै सिमेन्ट लाग्यो भन्ने प्रश्नमा प्रअ पौडेलले भने,'कोभिड र बाढीपहिरो गएका बेला निर्माण गर्दा शौचालय निर्माणमा धेरै खर्च भयो।' विद्यालय ग्रामिण क्षेत्रमा रहेको र निर्माण सामाग्री ल्याउदा ढुवानी महङ्गो पर्न गएको हो उनले भने। धेरै लामो समय म बाहिर भएको र हिसाब पुरानो भएकाले सबै बिषय खातापाता हेरेपछि मात्रै थाहा हुने उनले बताए। शौचालय निर्माणमा केही महङ्गो भएको महशुष आफुलाई लागेको छ उनले भने,'व्यापारीले भ्याटको बिला मिलाउदा सिमेन्टका बोरा धेरै देखाएको छ।' कतिपय विद्यालयका सानातिना कामको हिसाब मिलान गर्दा त्यस्तो देखिन गएको होला उनले भने।

प्राविधिकहरुका अनुसार सामान्यतय ३ कोठे शौचालय बनाउदा धेरै लागेका २ सय बोरा भए पुग्ने बताएका छन्। सेप्टीट्याङ्की सहितको स्टाण्डर शौचालय बनाउदा २ सय बोरा भन्दा बढी नलाग्ने प्राविधिकहरुको भनाई छ। तर नरोदय माविले निर्माण गरेको सामान्य शौचालयमा ५ सय ९५ बोरा सिमेन्ट लाग्नु मिलेमतोमा अनियमिता भएको देखिन्छ। यस बिषयमा गल्याङु नगरपालिका र सम्वन्धित् निकायले छानविन गरिनु आवश्यक छ।

# तनहुँ १ उपनिर्वाचनको मतगणनास्थलमा सिसिटिभी जडान

**पोखरापत्र संवाददाता**
दमौली, ८ बैशाख

तनहुँ क्षेत्र नं १ मा प्रतिनिधिसभा सदस्यका लागि वैशाख १० मा हुन लागेको उपनिर्वाचनका लागि मतगणनास्थल निर्माण सुरु भएको छ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयले जिल्ला समन्वय समितिको भवनमा मतगणनास्थल निर्माण गरेको हो। मतगणनालाई निष्पक्ष र विश्वसनीय बनाउन मतगणनास्थलमा सिसिटिभी जडान गरिएको मुख्य निर्वाचन अधिकृत कार्यालयका सहायक निर्वाचन अधिकृत मीनबहादुर कुँवरले जानकारी दिनुभयो।

उहाँका अनुसार दुईवटा कोठामा मतगणना गरिनेछ। मतगणनास्थल निर्माणका लागि आवश्यक तारजालीको व्यवस्था गरिसकिएको छ। "तारजालीसहित मतगणनास्थल तयार गर्दैछौं, दुवै कोठामा सिसिटिभी जडान भइसक्यो। आज बेलुकासम्म तारजाली बारेर गणनास्थल तयार हुन्छ", उहाँले भन्नुभयो। निर्वाचन आयोगले दिएको निर्देशनबमोजिम सुरक्षित रुपमा मतगणनास्थलका लागि गणनास्थल तयार पारिने उहाँले बताउनुभयो। "सबैलाई चित्तबुझ्दो गर्ने गरी भरपर्दो, सुरक्षित बनाउन आयोगले दिएको निर्देशनबमोजिम मतगणनास्थल बनाउँछौ," उहाँले भन्नुभयो।

आइतबार मतदान सकिएपछि सुरक्षितरुपमा सबै मतदान केन्द्रबाट मतपेटिका दमौली ल्याइनेछ। मतपेटिका ल्याइसकेपछि राजनीतिक दलसँगको सर्वदलीय बैठकपश्चात् मतगणनाको काम सुरु गरिनेछ। तनहुँ क्षेत्र नं १ अन्तर्गतका एक सय ५२ वटै मतदान केन्द्रमा निर्वाचन सामग्रीसहित कर्मचारी र सुरक्षाकर्मी पुगिसकेका छन्। ढकालका अनुसार प्रतिमतदान केन्द्रमा ६१ प्रकारका सामग्री पठाइएको छ। मतदान केन्द्रमा पुगेपछि सम्बन्धित ठाउँका राजनीतिक दलसँग बैठक, मतदाता परिचयपत्र वितरण, मतदान केन्द्र निर्माणलगायतका काम हुनेछन्। उपनिर्वाचनका लागि सात सय ६० कर्मचारी परिचालन गरिएको छ। तनहुँ क्षेत्र नं १ को उपनिर्वाचनका लागि विसं २०८० वैशाख ९ गतेसम्म १८ वर्ष पूरा हुने एक लाख २३ हजार तीन सय पाँच मतदाता रहेको जिल्ला निर्वाचन कार्यालय तनहुँले जनाएको छ। यो निर्वाचन क्षेत्रमा व्यास नगरपालिका-५ र ६ बाहेक १२ वडा, देवघाट गाउँपालिका, आँबुखैरेनी गाउँपालिका, बन्दीपुर गाउँपालिका र भानु नगरपालिका पर्दछ। उपनिर्वाचनमा सबैभन्दा बढी मतदाता भानु नगरपालिकामा छन्। भानु नगरपालिकाका १३ वडामा ४० हजार आठ सय ४४ मतदाता छन्। भानुमा २१ मतदानस्थल र ५० मतदान केन्द्र छन्। त्यस्तै, कम मतदाता देवघाट गाउँपालिकाका पाँच वडामा १२ हजार सात सय १२ मतदाता छन्। देवघाटमा आठ मतदानस्थल र १५ मतदान केन्द्र रहेको निर्वाचन कार्यालयले जनाएको छ। त्यस्तै, आँबुखैरेनी गाउँपालिकाका छ वडामा १३ हजार छ सय २२ मतदाता कायम भएका छन्। आँबुखैरेनीमा नौ मतदानस्थल र १७ मतदान केन्द्र छन्। बन्दीपुर गाउँपालिकाका छ वडामा १५ हजार छ सय ७८ मतदाता कायम भएका छन्। बन्दीपुरमा ११ मतदानस्थल र २२ मतदान केन्द्र छन्। व्यास नगरपालिका-५ र ६ बाहेकका १२ वडामा ४० हजार चार सय ४९ मतदाता कायम भएका छन्। व्यासमा २० मतदानस्थल र ४८ मतदान केन्द्र छन्।

# गण्डकी प्रज्ञा साहित्य सम्मान महाकाव्यकार जनार्दनशरण त्रिपाठीलाई

**पोखरापत्र संवाददाता**
दमौली, ८ बैशाख

गण्डकी प्रज्ञा साहित्य सम्मान २०७९ बाट महाकाव्यकार जनार्दनशरण त्रिपाठी सम्मानित भएका छन्। शुक्रबार उनकै निवासमा आयोजित कार्यक्रमकाबिच गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले सम्मान अर्पण गरें।

प्रज्ञा प्रतिष्ठानको स्थापना दिवस बैशाख १५ गते विशेष कार्यक्रमबिच सम्मान हस्तान्तरण गर्न खोजिएको भएपनि श्रष्टा त्रिपाठीको अस्वस्थताको कारण उनको घरमा गएर पुरस्कार अर्पण गरिएको गण्डकी प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव मनकुमार श्रेष्ठले जनाए।

कार्यक्रममा बोल्दै मुख्यमन्त्री अधिकारीले त्रिपाठीले साहित्यको क्षेत्रमा पुऱ्याएको योगदानको चर्चा गरें। उनका सृजनाहरूले साहित्यमा



महत्वपूर्ण योगदान पुऱ्याएको बताउदै ती सृजनाहरूमा सिंगो साहित्य जगतले गर्व गरेको बताए। सृजनाका कुनै मूल्य नहुने भएपनि त्रिपाठीले गरेको योगदानको कदर गरेर गण्डकी प्रज्ञा प्रतिष्ठानले गण्डकी प्रज्ञा साहित्य सम्मान २०७९ अर्पण गरेकोमा आफू निकै हर्षित भएको सुनाए। यस्ता सम्मानले नया पुस्तालाई हौसला मिल्ने मुख्यमन्त्री अधिकारीको विश्वास थियो। प्रतिष्ठानका कुलपति सूर्य खड्का बिखर्चीको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत उपकुलपति गोरे गुरुङ, पुरस्कारको बारेमा जानकारी सदस्य सचिव मन कुमार श्रेष्ठ तथा कार्यक्रम संचालन प्राज्ञ कृष्ण प्रसाद पौडेलले गरेका थिए। सम्मानित श्रष्टा त्रिपाठीको बायोग्राफी निर्माण कार्य यथाशीघ्र गरीप्रतिष्ठानको वेभसाइट र यूट्यूबमा राखेर उनको योगदान र जीवनीलाई विश्वब्यापी बनाउने प्रतिष्ठानको तयारी छ। दोस्रो वार्षिकोत्सबको अवसरमा वितरण गर्ने तय भएका गण्डकी प्रज्ञा साहित्य पुरस्कार, गण्डकी प्रज्ञा संगीत सम्मान, गण्डकी प्रज्ञा कला सम्मान, गण्डकी प्रज्ञा संस्कृति सम्मान, गण्डकी प्रज्ञा नारी सम्मान, गण्डकी प्रज्ञा युवा सम्मान भने गण्डकी प्रज्ञा प्रतिष्ठानको स्थापना दिवस बैशाख १५ गते प्रज्ञा प्रतिष्ठानको भानु सभाहलमा विशेष कार्यक्रम बीच अर्पण गरिने सदस्य सचिव श्रेष्ठले बताए।

## पृथ्वीराजमार्गमा...

सबैलाई आग्रह गर्दछु, काम परे वैकल्पिक मार्ग प्रयोग गर्न सकिनेछ," उहाँले भन्नुभयो, "मुख्य राजमार्गमा प्रहरी स्कर्टिङ हुने भएकाले बीचमा चढ्ने वा झर्न पाइँदैन।" निर्वाचनको संवेदनशीलतामा ध्यानमा राखेर यात्रा गर्ने यात्रुहरु तनहुँ क्षेत्र नं १ अन्तर्गतका व्यास, आँबुखैरेनी, भानु, बन्दीपुर र देवघाट क्षेत्रमा झर्न पाउँदैनन्। उपनिर्वाचनका दिन अत्यावश्यक सेवाअन्तर्गतका एम्बुलेन्स, दूध बोक्ने ट्याङ्कर, फोहर बोक्ने सवारी साधन, स्वास्थ्य संस्थाका सवारी साधनलाई भने निर्वाधरुपमा सञ्चालन गर्न दिइनेछ।

निर्वाचनलाई भयरहित, निष्पक्ष र मर्यादित बनाउन सुरक्षा प्रबन्ध मजबुद बनाइएको प्रजिअ रिजालले जानकारी दिनुभयो। मतदानस्थललाई अति संवेदनशील, संवेदनशील र सामान्य रुपमा वर्गीकरण गरी सुरक्षा प्रबन्ध मिलाइएको छ। निर्वाचनका दिन पहिलो घेरामा प्रहरी, दोस्रो घेरामा सशस्त्र प्रहरी र तेस्रो घेरामा नेपाली सेनाको सुरक्षा रहनेछ।

उपनिर्वाचनका दिन हावाहुरी र पानी परेको खण्डमा मतपत्र र मतपेटिका सुरक्षाका लागि आवश्यक सबै व्यवस्थापन मिलाइएको उहाँले बताउनुभयो।

# उपनिर्वाचन हुने निर्वाचन क्षेत्रमा आइतबार सार्वजनिक बिदा

**रासस**
काठमाडौं, ८ बैशाख

प्रतिनिधिसभा सदस्य उपनिर्वाचन हुने तीनवटा निर्वाचन क्षेत्रमा आइतबार सार्वजनिक बिदा दिइएको छ।

गृह मन्त्रालयले शुक्रबार एक सूचना जारी गर्दै सार्वजनिक बिदाबारे जानकारी दिएको हो। बारा जिल्ला क्षेत्र नं २, चितवन जिल्ला क्षेत्र नं २ र तनहुँ जिल्ला क्षेत्र नं १ मा वैशाख १० गते उपनिर्वाचन हुँदैछ। मतदानस्थल रहेका विद्यालय तथा सरकारी निकायमा भने वैशाख ८ गतेदेखि १० गतेसम्म तीन दिन बिदा हुने मन्त्रालयले जनाएको छ।


## उपनिर्वाचन...

देवघाटमा आठ मतदानस्थल र १५ मतदान केन्द्र रहेको निर्वाचन कार्यालयले जनाएको छ। त्यस्तै आँबुखैरेनी गाउँपालिकाका छ वडामा १३ हजार छ सय २२ मतदाता कायम भएका छन्। आँबुखैरेनीमा नौ मतदानस्थल र १७ मतदान केन्द्र छन्। बन्दीपुर गाउँपालिकाका छ वडामा १५ हजार छ सय ७८ मतदाता कायम भएका छन्। बन्दीपुरमा ११ मतदानस्थल र २२ मतदान केन्द्र छन्। व्यास नगरपालिकाका वडा नम्बर ५ र ६ बाहेकका १२ वडामा ४० हजार चार सय ४९ मतदाता कायम भएका छन्। व्यासमा २० मतदानस्थल र ४८ मतदान केन्द्र छन्।

◆अपाङ्गता भएका व्यक्तिलाई सामाजिक सुरक्षा प्रदान गरौं।
◆अपाङ्गता भएका व्यक्तिलाई स्वास्थ्य तथा शिक्षाको अवसर उपलव्ध गराऔं।
◆अपाङ्गता भएका व्यक्तिको सीप र क्षमता विकास गरी आर्थिक क्रियाकलापमा सहभागी बनाऔं।
◆अपाङ्गता भएका उद्यमीको उत्पादनलाई एकिकृत बजारीकरण गरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाव गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

पाइल्स फिस्टुला, फिसर तथा पेट सम्बन्धीविशेषज्ञ डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरा
धनवस्तरी आयुर्वेद हस्पिटल एण्ड रिर्सच सेन्टर, माता मनकामना आरोग्य तथा एनटिभी च्यानलको स्वास्थ्य सन्देश कार्यक्रममा परामर्शदाता एवं पाइल्स फिस्टुला, फिसर तथा पेट रोग सम्बन्धी डा. राजिव घिमिरे पोखरामा यही मिति भाद्र २ गते शनिबार आउन लाग्नु भएकाले स्वास्थ परिक्षण गरि सेवाको लाभ लिनुहोस्।
हाम्रो सेवाहरु :
पाइल्स :कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्वार दुख्ने चिलाउने, सुनिने आदि।
फिस्टुला :मलद्वारको मुखमा खटिरा आउने, दिसा गर्दा दुख्ने, पीप निस्कने, पोल्ने, दिसा कब्जिय त हुँदा दुखाई बढि हुने
फिसर :मलद्वारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने, दुख्ने एवम् दिशामा रगत देखिने
ग्याष्ट्रिक :मुखबाट अमिलो पानी आउनु, बाकवाकी हुने, पेट दुख्ने
अन्य रोगहरु :अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, वाथ, सुगर, पिनास, हाइड्रोसिल आदि
नोट : पाइल्स, फिस्टुला, फिसर रोगको क्षारसुत्र विधिद्वारा विना अपरेशन उपचार गरिन्छ।
बिरामी जाच्ने समय : बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मार्गदर्शन एकेडेमीको ठीक अगाडि
फोन नं. ५३५१९४, ९८४६०४११३१, ९८०४१७२५३१, ९८५१०१६६९४
नयाँ तथा पुराना विरामीहरुले यथाशिघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# पूर्ण विद्युतीकरणका लागि बजेट स्वीकृत

पोखरापत्र संवाददाता
बेनी, ८ बैशाख

म्याग्दीलाई पूर्ण विद्युतीकरण घोषणा गर्न बजेट स्वीकृत भएको छ । जिल्लाका सबै घरधुरीमा बिजुलीको पहुँच पुऱ्याउने योजनाअन्तर्गत रु २० करोड ५८ लाख नेपाल विद्युत् प्राधिकरणमार्फत स्वीकृत भएको हो ।

नेपाल विद्युत् प्राधिकरण बेनी वितरण शाखाले तयार गरेको लगत अनुमानका आधारमा प्राधिकरणमार्फत स्वीकृत भएर आएको उक्त बजेटलाई प्राधिकरणको प्रादेशिक कार्यालय, पोखराले चालु आर्थिक वर्षमै ठेक्का प्रक्रियामार्फत अघि बढाउने तयारी गरको गण्डकी प्रदेशसभा सदस्य रेशम जुग्जालीले जानकारी दिनुभयो । पहुँच नपुगेका र लघुजलविद्युत् बाट उत्पादित बिजुली प्रयोग गर्दै आएका स्थानमा विद्युत विस्तार गर्न बजेट स्वीकृत भएको हो ।

धवलागिरि गाउँपालिका-१ गुर्जाबाहेक अन्य सबै घरधुरीमा बिजुलीको पहुँच पुऱ्याउने लक्ष्य रहेको प्राधिकरणको बेनी वितरण केन्द्रका प्रमुख प्रशान्त झाले बताउनुभयो । योजना कार्यान्वयन भएपछि जिल्लाका थप दुई हजार एक सय ५८ घरधुरीमा बिजुलीको पहुँच पुग्ने बताइएको छ ।

प्राधिकरणले स्वीकृत गरेको बजेटबाट अन्नपूर्ण गाउँपालिकाको मोहरे, फूलबारी, रघुगङ्गा गाउँपालिकाको पाल्लेखर्क, धवलागिरि गाउँपालिकाको मल्कबाङ, मराङ, बुल, लुलाङ र खिवाङ, मालिका गाउँपालिकाको घ्याङ्लेपानी, ओखरबोट, जेम, बुल, पाल्ले, महभिर, चिउरीबोट, छापा, सिस्नेरी र लुक्सिपारमा बिजुली पुऱ्याउने योजना रहेको बेनी वितरण केन्द्रले जनाएको छ ।

# सडक विस्तार नगर्न आग्रह

पोखरापत्र संवाददाता
बागलुङ, ८ बैशाख

सर्वोच्च अदालतको फैसला नआउँदै सडक विस्तार गर्न लागेको जनाउँदै बागलुङ नगरपालिका-१ का स्थानीयले विरोध जनाएका छन् ।

सडक डिभिजन कार्यालय बागलुङ्लाई निवेदन दिँदै स्थानीयले बागलुङ-१ बाङ्गेचौरदेखि उपल्लाचौर माथिल्लो चोकसम्मको सडकमा सरकारबाट हालसम्म कुनै किसिमको मुआब्जा र सुविधा नपाएको जनाएका छन् । सो विषयमा मुद्दा दायर भएकाले फैसला नआउँदासम्म काम नगर्न नगराउन उनीहरूले माग गरेका हुन् । मध्यपहाडी लोकमार्ग मापदण्डसम्बन्धी दबाब समितिले सडक डिभिजन कार्यालय बागलुङ्लाई पत्र बुझाउँदै प्रशासन र प्रहरी कार्यालयलाई बोधार्थ दिएका छन् । आफूहरू विकास विरोध नभएको र आफ्ना माग सम्बोधनका लागि सर्वोच्च अदालतमा मुद्दा चलिरहेकाले फैसला नआएसम्म काम गर्न नहुने मध्यपहाडी लोकमार्ग मापदण्डसम्बन्धी दबाब समितिका संयोजक केवी रानामगरले बताउनुभयो ।

रामरेखा क्षेत्रका प्रभावित ८९ पीडितले २०७६ चैतमा सर्वोच्च अदालतमा मुद्दा दिएकाले जनताको नैसर्गिक अधिकार र कानुनको बर्खिलाप हुने गरी काम नगर्न नगराउन निवेदन दिएको उहाँले जानकारी दिनुभयो । सडक डिभिजन कार्यालय बागलुङ्ले बाङ्गेचौरदेखि बागलुङ-१ को कार्यालयसम्म सडक साँघुरो र दुर्घटनाको दृष्टिकोणले जोखिमयुक्त रहेकाले मर्मत गर्न लागिएको जनाएको छ । सडकको विशेष मर्मत कार्यका लागि टेवा पर्खाल तथा नाली निर्माणका लागि अतिआवश्यक भएकाले बाङ्गेचौरदेखि बागलुङ नगरपालिका-१ को कार्यालयसम्म मात्र सडक मर्मत गर्न लागिएको डिभिजनको स्पष्ट पारेको छ ।

# अधिकृत समाजद्वारा शुभकामना आदानप्रदान

पोखरापत्र संवाददाता
पोखरा, ८ बैशाख

कस्केली अधिकृत समाजले नयाँ वर्ष २०८० का अवसरमा शुभकामना आदानप्रदान एवम् क्यालेन्डर लोकार्पण गरेको छ ।

कार्यक्रममा वक्ताहरूले नयाँ वर्षले राष्ट्र र समाजमा देखापरेका समस्याको दीर्घकालीन समाधान हुँदै आम नेपालीका सुखः, शान्ति र समृद्धि छाउने विश्वास व्यक्त गरे ।

समाजका अध्यक्ष चन्द्रबहादुर सुवेदीले देशमा राजनीतिक अस्थिरता, आर्थिक मन्दी लगायतका कारण देखा परेका समस्या नयाँ वर्षमा समाधान हुने विश्वास व्यक्त गर्नुभयो ।

समाजका हरेक गतिविधिमा साथ र सहयोग गर्ने सल्लाहकार, क्यालेन्डर प्रकाशनका लागि सहयोग गर्ने विज्ञापनदाता सबैलाई धन्यवाद व्यक्त गर्दै उहाँले आगामी दिनमा पनि यस किसिमको सहयोग निरन्तर मिल्ने विश्वास व्यक्त गर्नुभयो ।

सल्लाहकार प्रेमप्रकाश गौतमले कस्केली अधिकृत समाजले आफ्ना विभिन्न गतिविधिलाई बढाइरहेकोमा खुसी व्यक्त गर्दै आगामी दिनमा पनि सबैको एकतावद्ध प्रयासबाट समाजका गतिविधि बढ्ने धारणा राख्नुभयो ।

सल्लाहकारहरू डा दीर्घनाथ ढुङ्गाना, विश्वनाथ पराजुली, विष्णुप्रसाद बराल, ऋषिराम लामिछाने, भगवान पन्त, जिल्ला समन्वय अधिकारी नवराज बराल लगायतले नयाँ वर्षले सबैमा सुख, शान्ति र समृद्धि ल्याउने विश्वास व्यक्त गर्नुभयो ।

समाजका अध्यक्ष सुवेदीको सभापतित्व एवम् सचिव महेश पौडेलले सञ्चालन गर्नुभएको कार्यक्रममा उपाध्यक्ष लोकनाथ दवाडीले स्वागत गर्नुभएको थियो । कार्यक्रममा समाजका अध्यक्ष सुवेदी, सल्लाहकारहरू लगायतले संयुक्त रुपमा समाजद्वारा प्रकाशित नयाँ वर्षको क्यालेन्डर लोकार्पण गर्नुभएको थियो ।

# पाँच हजार मिटर उचाइमा खानेपानीको सर्वेक्षण

पोखरापत्र संवाददाता
मनाङ, ८ बैशाख

हिमाली जिल्ला मनाङमा खानेपानीको मुहान सर्वेक्षण गरिएको छ ।

नार्सों गाउँपालिका ६ र ७ नम्बर वडाको तिल्चेअन्तर्गत मनास्लु पदमार्गका लार्के पास, लार्के फेदी, भिमथाङ क्षेत्रमा खानेपानीको व्यवस्थापन गर्ने उद्देश्यले सर्वेक्षण गरिएको हो । उक्त पदमार्गअन्तर्गत पाँच हजार एक सय १६ मिटर उचाइहुँदै लार्के फेदी चार हजार चार सय मिटर भिमथाङ उचाइमा खानेपानीको महान सर्वेक्षण गरिएको नार्सों गाउँपालिकाका प्राविधिक टोलीले जनाएको छ । यस क्षेत्रमा पर्यटक आवागमनको क्रममा खानेपानी सुविधा सहज बनाउने उद्देश्यले पानीको मुहान सर्वेक्षण गरिएको हो । पालिकाका इन्जिनियर नवीन जोशी, प्रशासकीय अधिकृत गिमानसिंह मगर, सव-इन्जिनियर समीक्षा पौडेललगायतको टोलीले नार्सों गाउँपालिका-६ र ७ नम्बर वडाका विभिन्न स्थानमा सर्वेक्षणका लागि गएका थिए । प्रतिकूल मौसमका बाबजुद पनि पानीको मुहान सर्वेक्षण गरिएको गाउँपालिकाका इन्जिनियर नवीन जोशीले बताउनुभयो ।

"हिमपात, चिसो मौसममा पनि खानेपानीको व्यवस्थापन गर्ने उद्देश्यले पालिकाले यस पदमार्गअन्तर्गत पानीको मुहान खोजिएको हो", उहाँले भन्नुभयो । यस क्षेत्रमा खानेपानी व्यवस्थापनले स्थानीयवासी, आन्तरिक तथा बाह्य पर्यटकलगायत जनावारलाई पानीको व्यवस्थापन हुनेछ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : सत्कार मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : सम्मान मिल्नेछ |
| मिथुन | : झमेला बढ्ने | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : कार्यमा सफलता | मकर | : आर्थिक समस्या |
| सिंह | : मन चञ्चल | कुम्भ | : मानसिक तनाब |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# मुस्ताङ र म्याग्दीका उच्च पहाडी क्षेत्रमा हिमपात आग्रह

पोखरापत्र संवाददाता
मुस्ताङ, ८ बैशाख

मुस्ताङ र म्याग्दीका उच्च पहाडी क्षेत्रमा शुक्रबार वर्षा र वेमौसमी हिमपात भएको छ । मुस्ताङको लोमान्थाङ, दामोदरकुण्ड लोघेकर, वारागुङ मुक्तिक्षेत्र, घरपझोङ र थासाङ गाउँपालिकाका अधिकांश ठाउँमा हिमपात भएको हो । यहाँ वसन्त ऋतुमा वेमौसमी हिमपात भएको हो ।

हिमपातले चिसो बढेको मुक्तिनाथ मन्दिरका कर्मचारी रविन सुवेदीले बताउनुभयो । मुक्तिनाथमा दुई फिट बाक्लो हिउँ जमेको जनाइएको छ । वर्षाले मुक्तिनाथ मन्दिरमा आएका भक्तजनलाई पूजाआजा, दर्शन र स्नान गर्न समस्या परेको बताइएको छ । लोमान्थाङ गाउँपालिकाका अध्यक्ष टसीनर्बु गुरुङले हिमपात र चिसोले उपल्लो मुस्ताङको जनजिवन प्रभावित भएको बताउनुभयो । उहाँका अनुसार सर्वसाधारण घरभित्रै आगो तापेर बसेका छन् । गाईवस्तु र भेडाच्याङ्ग्रालाई चरन क्षेत्रमा लैजान नसक्दा आहराको समस्या भएको जनाइएको छ ।

म्याग्दीको धवलागिरी गाउँपालिकाको गुर्जा, अन्नपूर्ण गाउँपालिकाको खोपारा, मोहरेडाडा, घोडेपानीमा पनि हिउँ परेको छ । डाँडाहरु हिउँले सेताम्मे भएका र चिसो बढेको धवलागिरी-१ गुर्जाका वडाध्यक्ष झकबहादुर छन्त्याललले बताउनुभयो । यसपाली पुस र माघमा हिमपात भएको थिएन । हिउँद सकिएपछि फागुनको पहिलो सातादेखि हिउँ पर्न थालेको थियो ।

# नेपालले ओमानलाई हरायो

रासस
काठमाडौं, ८ बैशाख

एसीसी प्रिमियर कप क्रिकेट प्रतियोगिताअर्न्तगत शुक्रबार भएको आफ्नो दोस्रो खेलमा नेपालले ओमानलाई पराजित गरेको छ ।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा शुक्रबार भएको खेलमा नेपालले ओमानलाई ८४ रनले पराजित गर्दै विजयी भएको हो । यसजितसँगै दुई खेल खेलेको नेपालले चार अङ्क जोडेको छ । नेपालले आफ्नो पहिलो खेलमा मलेसियालाई ६ विकेटले पराजित गरेको थियो ।

खेलमा नेपालले जितको लागि दिएको तीन सय ११ रनको लक्ष्य पच्छ्याएको ओमान ४६ दशमलव ३ ओभरमा सबै विकेट गुमाउँदै दुई सय २६ रनमा समेटियो । ओमानका खेलाडी अकिब इलियास क्रिजमा व्याटिङ गर्न नआई घाइते भएपछि उनी रिटायर्ट आउट भए र नेपालको जित सुनिश्चित हुन पुग्यो । ओमानको लागि मोहम्मद नदिमले सर्वाधिक ६५ रनको योगदान दिए । ८४ बल खेलेका उनले सात चौका र एक छक्काको मद्दतमा ६५ रन बनाएका हुन् । यसैगरी सन्दिप गौडले ४६ रनको योगदान दिए भने कस्यप प्रजापतिले २५ तथा फायज बुट्टले १९ रन बनाए । बलिङतर्फ नेपालका सन्दिप लामिछाने र करण केसीले समान तीन/तीन विकेट लिए भने दीपेन्द्रसिंह ऐरीले दुई तथा ललित राजवशीले एक विकेट झारे ।

# बागलुङको दुर्गम गाउँमा बिरामीको उपचार गर्दै डा केसी

पोखरापत्र संवाददाता
बागलुङ, ८ बैशाख

डा गोविन्द केसी बागलुङको निसीखोला गाउँपालिकामा बिरामीको उपचारमा खटिनुभएको छ । मङ्गलबार निसीखोला आउनुभएका डा केसीले वडा नं ३ स्थित बोहरागाउँ स्वास्थ्यचौकीमा पुगेर बिरामीको उपचारमा खटिनुभएको हो ।

डा केसीले स्वास्थ्यचौकीमा बिरामीको उपचार गरिरहेको बोहरागाउँ स्वास्थ्यचौकीका प्रमुख कसिन्द शाहीले जानकारी दिनुभयो । केसी कुनै खबरबिना नै स्वास्थ्यचौकी पुग्नुभएको हो । शाही भन्नुहुन्छ, "उहाँ आउने कुनै जानकारी थिएन, स्वास्थ्यचौकीमा हामी बिरामी हेर्दै थियौँ, टुप्लुक्क आउनुभयो, हामी अचम्ममा पऱ्यौँ ।" डा केसीले तीन दिनसम्म यहाँ बिरामीको उपचार गर्ने जानकारी दिनुभएको उहाँले बताउनुभयो ।

"सबैलाई खबर गरिदिनु, कुनै रोगको समस्या भए आउनुहुन्छ, उहाँहरूको स्वास्थ्य जाँच गर्छु", डा केसीको भनाइ उल्लेख गर्दै शाहीले भन्नुभयो । डा केसी गत वर्ष ढोरपाटनको बोबोङ क्षेत्रका नागरिकको उपचारका लागि यहाँ आउनुभएको थियो । आफू यो समय फुर्सदमा भएकाले निसीखोला आएको उहाँले बताउनुभयो ।

डा केसी भन्नुहुन्छ, "पहिला बोबाङमा बिरामीको उपचार गरेको थिएँ, त्यसबेला यहाँका सर्वसाधारणले निसीखोला पनि आउनुपऱ्यो भन्नुभएको थियो, अहिले मेसो मिल्यो, त्यही भएर आएँ ।"

निसीखोला गाउँपालिकाका अध्यक्ष सूर्यबहादुर घर्तीमगरले डा केसीले यहाँ तीन दिन बिरामीको उपचार गर्ने बताएपछि गाउँपालिकाले उहाँले सिफारिस गरेका औषधिको व्यवस्थापन गरेको जानकारी दिनुभयो । "उहाँ एक्कासी बोहोरागाउँ स्वास्थ्यचौकीमा आएपछि थाहा भयो, उहाँले हाडजोर्नी र नसासम्बन्धीका बिरामीको उपचार गर्दै हुनुहुन्छ", अध्यक्ष घर्तीमगरले भन्नुभयो, "बिरामी आउन थालेका छन्, हामीले रु एक लाख बराबरको औषधि व्यवस्थापन गरेका छौँ ।"

# बेनी अस्पतालमा विशेषज्ञ सेवा विस्तार

पोखरापत्र संवाददाता
म्याग्दी, ८ बैशाख

दुर्गम हिमाली जिल्ला म्याग्दीको सदरमुकाममा रहेको बेनी अस्पतालले विशेषज्ञ सेवा विस्तार गरेको छ । प्रदेश लोकसेवा आयोगबाट पदस्थापन भएका, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट आएका र आन्तरिक स्रोतबाट भर्ना गरिएका १० विशेषज्ञ र आठ जना मेडिकल अधिकृतले सेवा दिएका छन् ।

अस्पताल व्यवस्थापन समितिका अध्यक्ष ज्ञानेन्द्रप्रसाद सुवेदीले चिकित्सकहरूथपिएसँगै विभिन्न विशेषज्ञ सेवाहरू विस्तार गरिएको जानकारी दिनुभयो । "सर्वसाधारणलाई निजी क्लिनिक र जिल्लाबाहिर जानुपर्ने समस्या हटाउन जनशक्ति र उपकरण व्यवस्थापनसँगै पूर्वाधार निर्माणमा जोड दिएका छौँ," उहाँले भन्नुभयो, "दुई वर्षपछि अस्पतालको सुविधासम्पन्न ५० शयूया क्षमताको भवन निर्माण पनि सुचारु भएको छ ।"

पछिल्लो समय फिजिसियन विशेषज्ञ, ज्येष्ठ नागरिक उपचार कक्ष, अत्याधुनिक एक्स-रे, सामाजिक सुरक्षा एकाइको सेवा थप गरेको अस्पतालले छिट्टै मानसिक रोग र फिजियोथेरापी सेवा सुरु गर्न लागेको जनाएको छ । यसअघि आठजना मेडिकल अधिकृत र चिकित्सक कार्यरत अस्पतालमा यसै हप्ता लोकसेवा आयोग र पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट थप छ विशेषज्ञसहित नौजना चिकित्सक आएका अस्पतालका प्रमुख चिकित्सक डा शङ्करराज लामिछानेले बताउनुभयो । "जनशक्तिथपिएसँगै कार्यरत चिकित्सकलाई कार्यबोझ घट्ने, बिरामीलाई उपचारका लागि जिल्ला बाहिर जानुपर्ने समस्या हट्ने र उपचार सेवा सहज भएको छ", उहाँले भन्नुभयो, "स्त्रीरोग, हाडजोर्नी, फिजिसियन, जनरल सर्जन, दन्त, अर्थोपेडिक, आँखा उपचारसम्बन्धी विशेषज्ञ सेवा सञ्चालन गरेका छौं ।"

गण्डकी प्रदेश लोकसेवा आयोगबाट सिफारिस भएका जनरल सर्जन डा परिवर्तन बराल र स्त्रीरोग विशेषज्ञ डा अञ्जु थापाको बेनी अस्पतालमा पदस्थापन भएको छ । पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट अर्थोपेडिक्स डा सुमन सुवेदी, इन्टरनल मेडिसिन डा अमित प्रजापति, जनरल सर्जरी डा कल्पना आचार्य र छात्रवृत्ति करारका डा प्रशान्त गुरागाईं पनि बेनी अस्पतालमा आउनुभएको छ । एकजना मानसिक रोग विशेषज्ञ सरुवा भएर बेनी अस्पतालमा आउन लाग्नुभएको र उपकरण खरिद, जडान र सबै व्यवस्थापकीय काम सकिएकाले केही दिनमै फिजियोथेरापी सेवा सुरु गर्न लागिएको चिकित्सक लामिछानेले बताउनुभयो ।

अस्पतालले अन्तरङ्ग र बहिरङ्ग विभागकासाथै शल्यक्रियामार्फत प्रसूति, एपेन्डिसाइटिस, हर्नियाको उपचार, हाडजोर्नी, दन्त, आँखा, बच्चा उपचार कक्ष, हिंसा प्रभावितका लागि अल्पकालीन सेवा केन्द्र, डायलाइसिस सेवा सञ्चालन गर्दै आएको छ । मिर्गौला रोगसम्बन्धी समस्या भएका १९ जनाले डायलासिस सेवा लिएका छन् ।

सामाजिक सेवा एकाइमार्फत लक्षित समुदायलाई सहुलियत र निःशुल्क उपचार सेवा दिइएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले उपलब्ध गराएको रु एक करोड ५० लाख मूल्य बराबरको डिजिटल एक्स-रे मेसिन प्रयोगमा ल्याइएको अस्पताल परिसरमा अक्सिजन प्लान्ट सञ्चालनमा छ । म्याग्दीका साथै पर्वतको जलजला गाउँपालिका, मुस्ताङ र बागलुङ्का सर्वसाधारण गरी मासिक चार हजारजनाको हाराहारीमा बेनी अस्पतालबाट सेवा लिने गरेका छन् । पचास शय्या क्षमताको अस्पतालले १५ शयूयाकै संरचना र पूर्वाधारबाट ७६ शयूयाको सेवा दिएको छ । पचास शयूया क्षमताको भवन निर्माणमा भएको ढिलाइका कारण अस्थायी पूर्वाधारबाट सेवा सञ्चालन गरिएको छ ।

# गलकोटमै आँखाको शल्यक्रिया

पोखरापत्र संवाददाता
म्याग्दी, ८ बैशाख

बागलुङको गलकोट नगरपालिका-३ हटियाका टेकबहादुर नेपालीको मोतियाबिन्दुको समस्याका कारण दुवै आँखामा समस्या थियो । गाउँमै आयोजना गरिएको निःशुल्क शल्यक्रियामार्फत नेपालीसहित ८५ जनाको शल्यर्क्रियामार्फत उपचार गरिएको छ । दुवै आँखा पुरानै अवस्थामा फर्केपछि दङ्ग परेको नेपालीको भनाइ छ । "दुवै आँखामा मोतियाबिन्दुको समस्या थियो, शल्यर्क्रियामार्फत आँखा देख्ने अवस्थामा पुगेँ", नेपालीले भन्नुभयो, "गाउँमै आँखाको उपचार होला भनेर सोचेकै थिइनँ, अहिले उपचारपछि खुसी छु, भैरव आँखा उपचार केन्द्रले ठूलो गुन लगायो ।" दुवै आँखाको उपचारपछि स्थानीय नन्दी पुनसमेत खुसी हुनुभएको छ । उहाँले गाउँमै आँखा उपचारपछि खर्च र समयको बचत भएको बताउनुभयो । गलकोटस्थित मल्ममा आयोजना गरिएको निःशुल्क आँखा शिविरबाट पाँच सय ७५ जना लाभान्वित भएका छन् । आँखा शिविरमा लाभान्वितमध्ये ८५ जनाको आँखाको शल्यर्क्रिया गरिएको थियो । गलकोट नपा-७ आँगाखेतमा बिहीबार सम्पन्न तीनदिने निशुःल्क आँखा शिविरबाट गाउँमै आँखाको उपचार तथा शल्यक्रिया सेवा पाउँदा स्थानीय खुसी भएका छन् । श्री कृष्ण भैरव आँखा उपचार केन्द्रको आयोजना, श्री कृष्ण नेत्रालय भैरहवाको प्राविधिक सहयोग, हरिकृष्ण आइकेयर फाउन्डेसन र लायन्स क्लब अफ बुटवल मणिउजेशको सहयोग र गलकोट नपा-७ को संयोजनामा आयोजना गरेको आँखा शिविरका क्रममा पाँच सय ७५ जनाको आँखा जाँच गर्दा ८५ जनाको आँखाको समस्या देखिएकाले शल्यर्क्रियामार्फत उपचार गरिएको श्रीकृष्ण भैरव आँखा उपचार केन्द्रका अध्यक्ष लोकबहादुर थापाले जानकारी दिनुभयो । शिविरमा स्थानीय सङ्घसंस्था र महिला समूहले सहयोगी भूमिका निभाएका थिए । आँखामा समस्या भएर देख्न नसक्नेलाई शल्यर्क्रियामार्फत उपचार गरिएको श्रीकृष्ण नेत्रालयका प्रमुख चिकित्सा निर्देशक डा सल्मा केसीले जानकारीदिनुभयो । ग्रामीण क्षेत्रका जनतालाई घरदैलोमै विशेषज्ञ सेवा प्रदान गरी स्वास्थ्यलाभ प्रदान गर्न शिविर सञ्चालन गरिएको डा केसीले बताउनुभयो । सेवा लिन गलकोटसहित छिमेकी पालिका र छिमेकी जिल्ला गुल्मीको मुसिकोट नगरपालिकाबाट समेत आँखाका बिरामी आएका थिए ।

